# <u>प्रेस विज्ञप्ती</u>

## <u>औद्योगिक गणना २०६९ को मुख्य नतिजाहरु</u>

मिति: २०७१/०३/११

**१. परिचय**

केन्द्रीय तथ्याङ्क विभागले सञ्चालन गर्दै आएका मुख्य गणनाहरु मध्ये  राष्ट्रिय औद्योगिक गणना पनि एक हो । तथ्याङ्क विभागले प्रत्येक पाँच/पाँच वर्षमा देश भरी १० वा सो भन्दा बढि व्यक्तिहरू संलग्न भई चालु अवस्थामा रहेका औद्योगिक प्रतिष्ठानहरूको गणना एवं तथ्याङ्क संकलन, प्रशोधन, विश्लेषण तथा प्रकाशन गर्दै आईरहेको छ । नेपालको औद्योगिक तथ्याङ्कको इतिहासमा प्रथम औद्योगिक गणना वि.सं. २०२२ सालमा सम्पन्न भएको थियो । त्यसपछि वि.सं. २०३०, २०३४, २०३९, २०४४, २०४९, २०५४, २०५९ र २०६४  मा क्रमशः दोस्रो, तेस्रो, चौथो, पाँचौं, छैठौं सातौं, आठौं र नवौं औद्योगिक गणना सम्पन्न भएका थिए । आ.व. २०६९/७० मा संचालन गरिएको राष्ट्रिय औद्योगिक गणना देशको **दशौं औद्योगिक गणना** हो । यस गणनाबाट प्राप्त तथ्याङ्कहरू समग्रमा नीति निर्माता एवं योजनाकारहरूलाई औद्योगिक क्षेत्रको संरक्षण, सम्वर्द्धन र विकासका नीति नियम एवं योजना तर्जुमा, सोको कार्यान्वयन र मूल्याङ्कन गर्न उपयोगी हुनुका साथै यस क्षेत्रमा अनुसन्धान गर्ने अनुसन्धानकर्ताहरू, उद्योगपतिहरू, विद्यार्थीहरू र यस क्षेत्रमा चासो राख्ने व्यक्तिहरूलाई पनि महत्वपूर्ण हुने विश्वास गरिएको छ  ।

**२. सन्दर्भ समय**

औद्योगिक गणना २०६९ को सन्दर्भ समय "२०६८ साउन १ गते देखि २०६९ असार मसान्त" लाई मानिएको छ । अर्थात यस गणनामा ०६८ श्रावण १ देखि ०६९ अषाढ मसान्त सम्मको औद्योगिक प्रतिष्ठानहरूको विवरणहरू संकलन गरिएको छ ।

**३. उद्देश्य**

समग्रमा औद्योगिक गणना २०६९ को उद्देश्य, सन्दर्भ वर्षमा सञ्चालन रहेका र १० वा सोभन्दा बढी कामदार भएका उद्योग प्रतिष्ठानहरूको तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण तथा प्रकाशन गर्नु र नीति निर्माता, योजनाविद्, अनुसन्धानकर्ता तथा यस सम्बन्धी तथ्याङ्कका प्रयोगकर्ताहरुलाई आवश्यकता अनुसार तथ्याङ्क उपलब्ध गराउँनु हो भने यसका विशिष्ट उद्देश्यहरु भनेका सन्दर्भ समयमा संचालनमा रहेका विद्यमान औद्योगिक प्रतिष्ठानहरुबाट

- ❖ औद्योगिक प्रतिष्ठानहरुको संरचनागत स्थिति एवं नेपालस्तरीय औद्योगिक वर्गीकरण अनुसार विवरण संकलन तथा तथ्याङ्कको उत्पादन गर्ने ।

- ❖ औद्योगिक प्रतिष्ठानहरुले प्रयोग गरेका कच्चा पदार्थहरु र उत्पादन गरेका बस्तुहरुको विवरण संकलन गरी Central Product Classification(CPC) अनुसार तथ्याङ्क उत्पादन गर्ने ।
- ❖ औद्योगिक प्रतिष्ठानहरुको उत्पादन मुल्य (value of output) तथा लागत मुल्य (value of input) सम्बन्धी विवरण संकलन गरी NSIC अनुसार तथ्याङ्क उत्पादन गर्ने ।
- ❖ औद्योगिक प्रतिष्ठानहरुको रोजगारीको स्थिति, कानुनी प्रावधान, स्वामित्व, कच्चा पदार्थको खपत, इन्धनको खपत, कर, तथा अन्य खर्च, उत्पादित बस्तुको बिक्री, कच्चा तथा उत्पादित बस्तुहरुको मौज्दात सम्बन्धी विवरण संकलन गरी तथ्याङ्क उत्पादन गर्ने ।
- ❖ औद्योगिक प्रतिष्ठानहरुले वातावरण ब्यवस्थापन तथा संरक्षणमा गरेका प्रयासहरू र उद्योग प्रतिष्ठानहरुलाई असर पार्ने विविध पक्षहरु सम्बन्धी विवरण संकलन गरी तथ्याङ्क उत्पादन गर्ने ।
- ❖ औद्योगिक प्रतिष्ठानहरुको व्यवसायिक सूची तयार/अद्यावधिक गर्ने ।
- ❖ औद्योगिक गणनाबाट प्राप्त तथ्याङकलाई राष्ट्रिय, क्षेत्रीय र जिल्ला स्तरमा प्रकाशन गर्ने

## ४. उद्योग तथा उत्पादनको वर्गीकरण

यस पटकको गणनामा उद्योगहरूको वर्गीकरण International Standard Industrial Classification Rev 4 (ISIC Rev 4) अनुसार गरिएको छ । यस भन्दा अगाडी उद्योगहरुको वर्गीकरण ISIC Rev 3 अनुसार हुदैं आएको थियो । त्यसै गरी उत्पादित वस्तुहरुको वर्गीकरण CPC Ver.1 अनुसार हुदै आएकोमा यस पटक CPC Ver.2 अनुसार गरिएको छ ।

## ५. उद्योगहरुको सूचीकरण तथा गणना कार्य

यस गणनामा उद्योगहरुको सूचीकरण कार्य २०६८ साल भाद्र देखि कार्तिक महिना सम्म गरिएको थियो भने २०६८ साल पुस महिना देखी २०६९ असार महिना सम्म तथ्याङ्क संकलनको कार्य सञ्चालन गरिएको थियो ।

## ६. व्यवस्थापन तथा गणना कार्य

गणनाको व्यवस्थापन तथा गणनाको लागि आवश्यक सम्पूर्ण तयारी, तालिम सञ्चालन, तथ्याङ्क संकलन लगायत संपूर्ण तथ्याङ्क प्रशोधन तथा तालिकिकरणको कार्य केन्द्रीय तथ्याङ्क विभाग, प्रतिष्ठान गणना तथा सर्वेक्षण शाखाबाट गरिएको थियो । यस गणनामा केन्द्रीय तथ्याङ्क विभाग अन्तर्गत रहेका ३३ शाखा तथ्याङ्क कार्यालय र विभागमा कार्यरत तालिम प्राप्त कर्मचारीहरू संलग्न रहेका थिए ।

## ७. नतिजा

१) प्राप्त परिणाम अनुसार यस पटकको गणनामा ४०७६ उद्योगहरु संचालनमा रहेको देखिएको छ । अघिल्लो गणनाको तुलनामा उद्योग प्रतिष्ठानहरूको संख्या करिब १८ प्रतिशतले बढेको देखिएको छ ।

यसरी बढेका उद्योग प्रतिष्ठानहरूमा खाद्य तथा पेयपदार्थ उत्पादन गर्ने क्रियाकलाप वा प्रतिष्ठानहरू, सिलाई तथा वुनाईबाट कपडा तयार गर्ने प्रतिष्ठानहरू, छालाका लगाउने पोसाकहरु उत्पादन गर्ने प्रतिष्ठानहरु, बेकरी उत्पादन गर्ने प्रतिष्ठानहरु, सिमेण्ट, कंक्रिट र प्लाष्टरका सामान उत्पादन गर्ने प्रतिष्ठानहरू, काठ चिर्ने र रन्दा लगाउने प्रतिष्ठानहरू, फर्निचर अत्पादन गर्ने प्रतिष्ठानहरु, ईटा उत्पादन गर्ने प्रतिष्ठानहरू, प्लास्टिकका सामग्री उत्पादन गर्ने प्रतिष्ठानहरु, रासायनिक औषधिहरू, औषधि बनाउने रसायनहरू र अन्य वनस्पतिजन्य औषधि उत्पादन गर्ने प्रतिष्ठानहरू, विभिन्न ढाँचागत रूपमा बनेका धातुका बस्तुहरू उत्पादन गर्ने प्रतिष्ठानहरू, ढुँङगा काट्ने छाट्ने र परिष्कृत गर्ने प्रतिष्ठानहरू रहेका छन् । मुख्यतया खाद्यान्न प्रसोधन, खानेपानी र इटा उद्योगहरुको वृद्धि अधिक छ ।

२) अघिल्लो गणनाको तुलनामा घटेका उद्योग प्रतिष्ठानहरूमा कपडा उत्पादन गर्ने प्रतिष्ठानहरू, तयारी पोशाकको उत्पादन गर्ने प्रतिष्ठानहरू, पुस्तक पुस्तिका र अन्य कृतिहरू प्रकाशन गर्ने प्रतिष्ठानहरू, पेट्रोलिएम पदार्थ प्रशोधन गर्ने प्रतिष्ठानहरु, धातु उत्पादनगर्ने प्रतिष्ठानहरु, औषोधि जन्य सामग्री उत्पादन गर्ने प्रतिष्ठानहरू, कार, मोटरसाईकल तथा यसका पाटपुर्जा वनाउने प्रतिष्ठानहरू आदि प्रतिष्ठानहरू रहेका छन् ।

३) नवौं उद्योग गणना २०६४ मा उद्योग प्रतिष्ठानहरु ६७ जिल्लामा रहेकोमा यस पटकको गणनामा ६४ जिल्लामा मात्र रहेको पाइयो । कूल प्रतिष्ठान मध्ये २३ जिल्लामा करिव ८८ प्रतिशत उद्योग प्रतिष्ठान रहेका छन् । सवैभन्दा वढी रुपन्देही जिल्लामा ३२० वटा उद्योग प्रतिष्ठान रहेका छन भने काठमाण्डौंमा ३१८ वटा उद्योग प्रतिष्ठान रहेका छन् । २०० भन्दा वढी उद्योग प्रतिष्ठान भएका जिल्लाहरुमा रूपन्देही, काठमाण्डौं, मोरङ, सुनसरी, पर्सा र बारा रहेका छन् ।

४) यस अगाडीको गणनाको तुलनामा उद्योग प्रतिष्ठानमा संलग्न कर्मचारीहरूको संख्या करिब १५ प्रतिशतले वढेको देखिएको छ ।

५) कूल ४०७६ वटा उद्योग प्रतिष्ठानहरुमा २,०४,३६० जनाको संलग्नता रहेकोमा तलवी कामदारहरुको संख्या १,९४,९८९ रहेको छ ।

६) त्यसैगरी सन्दर्भ वर्षमा यी प्रतिष्ठानहरुको कर्मचारीको तलव/सुविधामा कूल रु १,६४,४०,७६३ हजार खर्च रहेको छ अर्थात एकजना कर्मचारीमा मासिक औषत रु ७ हजार २६ रुपैया खर्च रहेको देखिन्छ ।

७) उद्योग प्रतिष्ठानहरुले सन्दर्भ वर्षमा करिब रू. २ खरब ४२ अरबको खर्च (value of input) गरेर करिब रू. ३ खरब २३ अरब बराबरको औद्योगिक वस्तु तथा सेवा उत्पादन (value of output) गरेको देखिन्छ । यस हिसाबले यी उद्योग प्रतिष्ठानहरुले नेपालको अर्थतन्त्रमा करिब रु. ८० अरव बराबरको मूल्य अभिवृद्धि (value added) गरेको देखिन्छ ।

८) तलबी कामदारसँग कुल उत्पादनको तुलना गरेर हेर्ने हो भने एक जना तलबी कामदारले एक वर्षमा करिब रु.१६ लाख बराबरको वस्तु तथा सेवा उत्पादन गरेको देखिन्छ । यस हिसाबले एक जना तलबी कामदारले मासिक औषत रु.१ लाख ३७ हजार ८ सय ५० बराबरको वस्तु तथा सेवा उत्पादन गर्दछ भन्न सकिन्छ ।

९) सन्दर्भ अवधिको अन्तिम दिन सम्ममा उद्योग प्रतिष्ठानहरुमा करिब रु.१ खरव १९ अरव बराबरको स्थिर पूँजी लगानी भएको देखिन्छ । यस मध्ये सन्दर्भ वर्षमा रु. ६ अरव बराबरको स्थायी सम्पति थप भएको देखिन्छ ।

१०) प्राप्त नतिजा अनुसार करिब ८७ प्रतिशत उद्योग प्रतिष्ठानहरुले विद्युतको उपलब्धता नभएको कारणले नकारात्मक असर परेको बताएका छन् । करिब ३७ प्रतिशत उद्योग प्रतिष्ठानहरुले कच्चापदार्थको उपलब्धता नभएको कारणले नकारात्मक असर परेको बताएका छन् भने दक्ष जनशक्तिको उपलब्धता नभएको कारणले नकारात्मक असर परेको ३७ प्रतिशत उद्योग प्रतिष्ठानहरुले बताएका छन् । त्यसैगरी मजदुर संगठनको कारणले नकारात्मक असर परेको करिव २२ प्रतिशत उद्योग प्रतिष्ठानहरुले बताएका छन् ।

११) कुल उद्योग प्रतिष्ठानहरु मध्ये १६६० (करिव ४१ प्रतिशत) उद्योग प्रतिष्ठानहरुले वजारको माग अनुसार उत्पादन गर्न नसकेको वताएका छन् । यी उद्योग प्रतिष्ठानहरु मध्ये करिव ४५ प्रतिशत उद्योग प्रतिष्ठानहरुले विजुलीको लोडसेडिङ्गका कारणले र करिव २२ प्रतिशत उद्योग प्रतिष्ठानहरुले कच्चापदार्थ अभावको कारणले वजारको माग आपुर्ति गर्न नसकेको वताएका छन् ।

**औद्योगिक गणना २०६९ र अघिल्ला गणनाको सारांश नतिजाहरू:**

| मुख्य सूचकहरु | CME Year | | | | |
|---|---|---|---|---|---|
| | 2049 (1991/92) | 2054 (1996/97) | 2059 (2001/02) | 2064 (2006/07) | 2069 (2011/12) |
| जम्मा उद्योग प्रतिष्ठानको संख्या | ४,२७१ | ३,५५७ | ३,२१३ | ३,४४६ | ४,०७६ |
| जम्मा संलग्न कर्मचारीको संख्या | २२३,४६३ | १९६,७०८ | १९१,८५३ | १७७,५५० | २०४,३६० |
| जम्मा तलवी कर्मचारीको संख्या | २१३,६५३ | १८७,३१६ | १८१,९४३ | १६९,८९१ | १९४,९८९ |
| जम्मा तलव/ज्याला र सुविधाको खर्च (रू हजारमा) | ३,३४८,४९३ | ४,०५८,०६९ | ६,३८९,६६१ | ८,०४४,०९६ | १६,४४०,७६३ |
| आ.व. अन्तमा भएको स्थायी सम्पत्ति (रू. हजारमा) | २०,०६७,१२६ | २६,४९१,०४५ | ४०,३७१,३८१ | ७८,८८९,३५२ | ११९,७२८,०६० |
| लागत मूल्य (रू. हजारमा) | २०,९३७,००० | ३४,८६८,२७२ | ६९,४८४,८२४ | ११५,३०४,३८७ | २४१,७६७,६४० |
| उत्पादन मूल्य (रू. हजारमा) | ३३,०८६,८०८ | ५४,९३०,६४९ | ९५,०९६,९५१ | १५६,३०५,६५० | ३२२,५५१,६९९ |
| कूल मूल्य अभिवृद्धी (रू. हजारमा) | १२,१४९,८०८ | २०,०६२,३७७ | २५,६१२,१२७ | ४१,००१,२६३ | ८०,७८४,०५९ |

धन्यबाद

केन्द्रीय तथ्याङ्क विभाग